निर्णय नं.१

भीमफेदी गाउँपालिका पशु सेवा शाखाको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रमको बजेट खर्च शिर्षक ३११२२ मा **५०% अनुदानमा मागमा आधारित च्याफकट्टर मेशिन वितरण कार्यक्रम** अन्तर्गत रु.७,००,०००/-(अक्षरेपी सात लाख रुपैंया मात्र) विनियोजन गरिएको छ। यस कार्यक्रम अन्तर्गत भीमफेदी गाउँपालिकाको ५०% (प्रतिशत) अनुदान र साझेदार कृषको ५०% (प्रतिशत) लागत सहभागितामा च्याफकट्टर मेशिन खरिद गरि कृषकलाई वितरण गरिनेछ। यो कार्यक्रम कार्यान्वयनको लागि अनुगमन समिति/आर्थिक विकास समितिले साझेदार छनौटको लागि मिति २०८३/०६/०२ गते बसेको आर्थिक विकास समितिले तयार गरी सिफारिस गरिएको मूल्याङ्कन मापदण्डको आधारमा प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी साझेदार कृषक छनौट गर्ने।

निर्णय नं.२ यस भीमफेदी गाउँपालिकाको आ.व. ०८२/०८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPASS) मा ६४.१ अंक प्राप्त भएकोले सो अंक अनुमोदन गर्ने।

निर्णय नं. ३. स्थानीय राजश्व परामर्श समितिको मिति २०८३/०६/९ र २० गतेको निर्णयहरु अनुमोदन गर्ने।

निर्णय नं.४. भीमफेदी गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६ संशोधन गरी यस गाउँपालिकाको सम्बन्धित आर्थिक वर्षको आर्थिक ऐन बमोजिम दर्ता तथा नविकरण शुल्क देहाय बमोजिम कायम गर्ने।

देहायः

क्र.स.	मुल कार्यविधिमा भएको	संशोधन तथा थप गरिएको विषयहरु	संशोधन गर्नुपर्नुको कारण
१	भीमफेदी गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका-२०७६ को परिच्छेद ५ को दफा १२ र १४ मा कृषक समूह दर्ताको लागि रु. १०० राजश्व शुल्क लिई दर्ता गर्नुपर्नेछ र कृषक समूह नविकरणको लागि रु. ५० राजश्व शुल्क लिई नविकरण गर्नुपर्ने व्यवस्था रहेको।	भीमफेदी गाउँपालिकाको आर्थिक ऐन, २०८३ को दफा १३ संग सम्बन्धित अनुसूची-१० को सि.नं ७१ मा कृषक समूह दर्ता शुल्क रु. ५००(नविकरण रु. २००) तोकिए बमोजिम कायम गर्ने।	भीमफेदी गाउँपालिकाको आर्थिक ऐन, २०८३ अनुसार परिमार्जन गर्नुपर्ने भएकोले

निर्णय नं.५

भीमफेदी गाउँपालिकाको आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सि.नं २२८, बजेट खर्च शिर्षक.३११३१ को **TPS आलु (५०% साझेदारीमा)** रहेकोमा भीमफेदी गाउँपालिका वडा नं ९ मा सञ्चालन हुने यस कार्यक्रममा विउ आलु उत्पादनको लागी PBS(पूर्व मूल विउ) वितरण गर्ने उद्धेश्यको साथ विनियोजित भएको हुँदा उक्त कार्यक्रमको शिर्षक तपसिल बमोजिम संशोधन गर्ने ।

तपसिलः

योजना/कार्यक्रम संसोधन तथा बाँडफाँड													
स्विकृत कार्यक्रम विवरण						संसोधित कार्यक्रम विवरण							
क्र. सं.	कार्यक्रम संकेत नं.	खर्च शिर्षक तथा श्रोत	कार्यक्रमको नाम	स्थान	बार्षिक बजेट (रु. हजारमा)	क्र. स.	कार्यक्रम संकेत नं.	खर्च शिर्षक तथा श्रोत	कार्यक्रमको नाम	स्थान	बार्षिक बजेट (रु. हजारमा)	संसोधन ब्यहोरा	कैफियत
१	२२८	31131-आन्तरिक श्रोत-नगद	TPS आलु (५०% साझेदारीमा)	भीमफेदी-९	५००	१	२२८	31131-आन्तरिक श्रोत-नगद	PBS आलु (५०% साझेदारीमा)	भीमफेदी-९	५००	९ नं. वडा कार्यालयको मिति २०८३/०५/०१ प.सं.०८३/०८४, च.नं.५० गतेको सिफारिस पत्र तथा आर्थिक विकास समितिको मिति २०८३/०५/२४ गतेको निर्णय अनुसार उक्त आयोजना संशोधन गरिएको।	
कुल जम्मा रकम (रु.हजारमा)					५००	कुल जम्मा रकम (रु.हजारमा)					५००		

निर्णय नं.६

हाम्रो कृषि सहकारी संस्था लि. भीमफेदी-२, भैंसेमा तरकारी संकलन केन्द्र निर्माण, भीमफेदी गाउँपालिका वडा नं २ खर्च शीर्षकबाट गत आ.व. २०८२/८३ मा पटक पटक भुक्तानी गर्दा समेत असार मसान्त सम्म भुक्तानी रद्ध भै खर्च हुन नसकेको र चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा उक्त शीर्षकमा बजेट विनियोजन नभएको हुँदा **विविध पूर्वाधार/ अन्य सार्वजनिक निर्माण खर्च** शीर्षकबाट रु ९,२२,१२०। (अक्षरुपी नौ लाख बाईस हजार एक सय बीस रुपैंयाँ मात्र) खर्च गर्ने र गत आ.व.मा भुक्तानी रद्ध भै फिर्ता भएको सोही रकम सहितको संशोधित वार्षिक बजेट आगामी गाउँसभामा पेश गर्ने ।

निर्णय नं.७

भीमफेदी गाउँपालिकाभित्र सुत्केरी महिला तथा नवजात शिशुलाई प्रसूति पश्चात्को स्वास्थ्य सेवा प्रभावकारी रूपमा उपलब्ध गराउन तथा घरभेटमा खटिने नर्सिङ कर्मचारीको यातायात खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक देखिएकाले **"भीमफेदी गाउँपालिकाको सुत्केरी घरभेट (PNC Home Visit) तथा नर्सिङ कर्मचारी यातायात खर्च सम्बन्धी कार्यविधि, २०८३"** को सम्बन्धमा सामाजिक विकास समिति र सुशासन तथा संस्थागत विकास समितिमा आवश्यक छलफल गर्न पर्ने भएकोले छलफल पश्चात आगामि कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं.८

भीमफेदी गाउँपालिका बजार व्यवस्थापन तथा अनुगमन कार्यविधि,२०८३ बमोजिम देहाय वमोजिम उपभोक्ता हित संरक्षण समिति गठन गर्ने ।

देहायः

(क)गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख)गाउँपालिका आर्थिक विकास समितिका संयोजक सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य

(घ) प्रहरी प्रशासनको प्रतिनिधि -सदस्य

(ङ) विषयगत शाखाका प्रमुख -सदस्य (आवश्यकता अनुसार प्र.प्र.अ.ले तोक्ने)

(च) स्थानीय उद्योग बाणिज्य संघको प्रतिनिधि -सदस्य

(छ)उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट संयोजकले तोकेको एक जना -सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य

निर्णय नं.९

ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको बिक्री बापत प्राप्त हुने आय यस गाउँपालिकाको प्रमुख आन्तरिक श्रोतको रुपमा रहेको र उक्त नदीजन्य पदार्थ विक्री सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गरि गर्नु पर्ने भएकोले यस भीमफेदी गाउँपालिका अन्तर्गत देहाय बमोजिमका नदी तथा खोलाहरुमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने ।

देहायः

१. राप्ती खोलाको बाघझोरा मुनी क्षेत्र, भीमफेदी-१

२. राप्ती खोलाको त्रिखण्डी पार्क क्षेत्र, भीमफेदी-१

३. राप्ती खोलाको रातोमाटे झोलुङ्गे पुल आसपासका क्षेत्र, भीमफेदी-१

४. राप्ती खोलाको गोल्पिङ वेंसी देखि चिउरीबगैंचा रंगशाला क्षेत्रसम्म, भीमफेदी-४

५. राप्ती खोलाको पारिबजार क्षेत्र, भीमफेदी-६

६. राप्ती खोलाको चिसापानी खोला र खहरे खोलाको दोभान मुनिको क्षेत्र (ढोकाफेदी पूल देखि माण्डु दोभानसम्म), भीमफेदी-६

७. बागमती खोलाको भर्याङ डाँडा मुनिको मकुदोल खरिदह क्षेत्र, भीमफेदी-८

८. बागमती खोला स्थित माण्डु हाईड्रोपावरको Down Stream क्षेत्र, भीमफेदी-८

९. भीमफेदी १-२ सुन्दरीमाई क्षेत्र।

निर्णय नं.१०

यस भीमफेदी गाउँपालिका अन्तर्गतका अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आ. व २०८३/८४ मा बजेट विनियोजन भएकोले थप १०० जना अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने ।

निर्णय नं.११

माथि छलफल गर्दा भीमफेदी-८ मा ब्यवस्थित यातायात सुविधा पुर्याउने उद्देश्य साथ महादेबटार चिलाउने लेक लटारम्भेश्वर मन्दिर जाने सडक, पचिरवान सिरिथुम गोगनघारी सडक-८ निर्माणको लागि ठेक्का सम्झौता

भएकोमा तोकिएको समय २०८३ आषाढ १० गते भित्र कार्य सम्पन्न गर्ने गरि निर्माण ब्यवसायी श्री बासपानी निर्माण सेवा (६२१७८५७२४) मकवानपुर गढी-२, मकवानपुरसंग ठेक्का सम्झौता भएकोमा उल्लेखित मिति भित्रको निर्माण कार्यको क्रममा जटिल भौगोलिक अवस्था, मनसुन लगायत बन ब्यवस्थापन सम्बन्धिको कारण निर्माण कार्य समयमा सम्पन्न गर्न नसकेको हुँदा कार्यपालिकाको मिति २०८३/०३/०६ गतेको निर्णय अनुसार पहिलो पटक २०८३/०४/२५ गते सम्म आयोजनाको म्याद थप भएकोमा निर्माण ब्यवसायीबाट मिति २०८३/०३/३२ गतेको पत्र तथा प्राविधिक शाखाको प्रतिबेदन समेत अनुसार उल्लेखित समस्याहरु समाधान नभएको हुँदा कार्यालयको २०८३/०५/०२ गतेको निर्णय अनुसार भएको आयोजनाको दोश्रो पटकको म्याद थप कार्यलाई समर्थन गर्ने र थप भएको म्याद भित्र निर्माण कार्य सम्पन्न गर्न/गराउन निर्माण ब्यवसायीलाई सचेत गराउने र उल्लेखित समयभित्र पनि निर्माण कार्य सम्पन्न नभएमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम कार्य गर्ने/गराउने वा प्रचलित कानुन र सम्झौताका शर्त अनुसार कारवाही प्रकृया अगाडी बढाउन कार्यालयलाई अख्तियारी दिने ।